सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गेसाल, प्यूठान
५ नं. प्रदेश, नेपाल


प.स. :२०७६/०७७
च.नं. : १२०६

## स्यानीटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

### प्रथम पटक सूचना प्रकाशित मितिः- २०७७।०२।१७ गते

यस सरुमारानी गाउँपालिका कार्यालय मातहतका सामुदायिक बिद्यालयहरुका छात्राहरुका लागी निशुल्क स्यानीटरी प्याड वितरण कार्यक्रम अनुसार आ.ब.२०७६।०७७ को लागी आवश्यक पर्ने (स्यानटरी प्याड वितरण तथा व्यबस्थापन कार्यविधि २०७६ को दफा ३ को उफ दफा ४ संग सम्बन्धित) स्यानीटरी प्याडको न्यूनतम मापदण्डमा उल्लेखित भएको स्पेशिफिकेशन अनुसारको स्यानीटरी प्याड सिलबन्दि दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउँपत्र पेश गर्नु हुन यो सूचना प्रकाश गरिएको छ ।

शर्तहरु–

१. दरभाउपत्र फारम रु १०००।(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले कम्पनि रजिस्ट्रेसन प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण गरेको प्रमाणपत्र र आ. व. २०७५।०७६ को कर चुक्ता प्रमाणित प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
३. दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ । यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।
४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री सरुमारानी गाउँपालिकाको कार्यालयको प्राइम कमर्शियल बैंक लि. बङ्गाडा शाखा,प्यूठानमा रहेको धरौटी खाता.नं.०६८०००१५CA मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारि गरेको ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ । प्रस्तावकको Bid validity कम्तीमा ७५ दिनको हुनु पर्नेछ।
५. कवोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
६. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।
७. खरिद भएको दरभाउपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयम सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
५ नं. प्रदेश, नेपाल

प.स. :२०७६/०७७
च.नं. :

दरभाउपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको सोही समयमा क्रमशःहुनेछ ।

८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाही आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउँपत्र साथ पेश गर्नु पर्नेछ ।

९. स्यानटरी प्याड वितरण तथा व्यबस्थापन कार्यविधि २०७६ को दफा ३ को उफ दफा ४ संग सम्बन्धित स्यानीटरी प्याडको न्यूनतम मापदण्डमा उल्लेखित भएको स्पेशिफिकेशन अनुसारको स्यानीटरी प्याड मात्र खरिद गरिने छ । दरभाउपत्र पेश गर्दा आफुले सप्लाइ गर्न चाहेको स्यानटरी प्याडको लागी दरभाउपत्र खरिद गरी बाहिर खाममा सम्बन्धित स्यानीटरी प्याडको विवरण स्पष्ट खुलाइ पेश गर्नु पर्ने छ

१०. दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।अन्य कुराहरु कार्यालयबाट बुझ्न सकिनेछ ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

१२. अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना सरुमारानी गाउँपालिकाको ***website:www.sarumaranimun.gov.np*** बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

| सि.न. | दरभाउ पत्र नं | सामानको विवरण | सेट (packs) | अनुमानित ल.ई (भ्याट सहित) | धरौटी रकम | फारम शुल्क रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 4/SRM/Goods/2076/077 | स्यानीटरी प्याड खरिद | १९,५८४ | १०,७३,०००।- | २७,०००।- | १०००।- | |

प्रमुख प्रशासकीय अधिकृत